**मुख्य शब्द तथा शब्दावलीका अर्थहरू**

**अनुमोदन :** (संयुक्त राष्ट्र सङ्घ एवं अन्तर्राष्ट्रिय श्रम सङ्गठनका महासन्धिजस्ता) अन्तर्राष्ट्रिय कानुन वा दस्तावेजमा कुनै देशले हस्ताक्षर गर्ने प्रक्रिया । यसको अर्थ उक्त देशले आफ्नो कानुन सम्बन्धित अन्तर्राष्ट्रिय कानुन वा दस्तावेज बमोजिम बनाउन सुनिश्चित गरेको मानिन्छ ।

**अन्तर्राष्ट्रिय कानुन :** विभिन्न देशहरूले हस्ताक्षर गरी लागू गर्न प्रतिबद्धता देखाउने (संयुक्त राष्ट्र सङ्घ एवं अन्तर्राष्ट्रिय श्रम सङ्गठनका महासन्धिजस्ता) अन्तर्राष्ट्रिय कानुनी दस्तावेज

**अन्तर्राष्ट्रिय घरेलु श्रमिक महासङ्घ :** संसारका विभिन्न भागमा रहेका घरेलु श्रमिक सङ्गठनहरूको महासङ्घ

**अन्तर्राष्ट्रिय श्रम मापदण्ड :** श्रमसँग सम्बन्धित आधारभूत सिद्धान्त तथा अधिकार समेटी सरकार, श्रमिक तथा रोजगारदाताका प्रतिनिधि लगायत अन्तर्राष्ट्रिय श्रम सङ्गठनका अङ्गहरूले विकास गरेका कानुनी प्रावधान । यस अन्तर्गत ती प्रावधान अनुमोदन गर्ने सदस्य राष्ट्रहरूका लागि अन्तर्राष्ट्रिय सन्धिका रूपमा कानुनतः बाध्यकारी हुने **महासन्धि** तथा कानुनतः बाध्यकारी नहुने **सिफारिस** पर्दछन् ।

**अन्तर्राष्ट्रिय श्रम सङ्गठन :** संसारका १८७ देशका सरकार, श्रमिक तथा रोजगारदाताका प्रतिनिधिलाई एकीकृत गरी श्रम मापदण्ड निर्धारण गर्ने, श्रम अधिकार प्रवर्द्धन गर्ने, मर्यादित श्रम अवसरको विकास गर्ने, सामाजिक सुरक्षा अभिवृद्धि गर्ने तथा श्रमसँग सम्बन्धित विषयमा संवाद सबलीकरण गर्ने संस्था

**अन्तर्राष्ट्रिय श्रम सङ्गठनको घरेलु श्रमबारे महासन्धि १८९ :** अन्य श्रमजस्तै घरेलु श्रमलाई पनि श्रम मानी घरेलु श्रमिकका अधिकारको कदर गर्ने अन्तर्राष्ट्रिय सहमति

**अन्तर्राष्ट्रिय श्रम सङ्गठनको निकृष्ट बाल श्रमबारे महासन्धि १८२ :** निकृष्ट प्रकारका बाल श्रममा १८ वर्षभन्दा कम उमेरका बालबालिकाको संलग्नता उन्मूलन गर्ने अन्तर्राष्ट्रिय सहमति

**अन्तर्राष्ट्रिय श्रम सङ्गठनको रोजगारीको न्यूनतम उमेरबारे महासन्धि १३८ :** त्यसभन्दा कम उमेरका बालबालिका काममा लगाउन नपाइने गरी न्यूनतम उमेर निर्धारण गर्ने अन्तर्राष्ट्रिय सहमति

**गैरसरकारी संस्था :** सरकारको अङ्ग पनि नभएका तथा नाफाका लागि कार्यरत संस्था बाहेकका अन्य संस्था । धेरै गैरसरकारी संस्थाहरू बाल श्रमिक तथा विशेष आवश्यकता भएका बालबालिका लगायत अन्यको सहयोग चाहिने मानिसलाई सहयोग गर्न तथा तिनका लागि पैरवी गर्न कार्यरत छन् । यिनलाई **नागरिक समाजका संस्था** पनि भनिन्छ ।

**घरेलु काम/श्रम :** अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि १८९ अनुसार, घर तथा घरहरूमा वा तिनका लागि गरिने काम

*Nepali translation from :*
IDWF-ILO (2017) A word about words – meaning of terms and initials, in Tackling Child Labour in Domestic Work: a Handbook for action for domestic workers and their organizations, page 12-14. Available in https://goo.gl/3Zaicr

**घरेलु कामदार/श्रमिक :** रोजगारीको सम्बन्धमा रही घरेलु काम वा श्रममा संलग्न व्यक्ति

**घरेलु काममा बाल श्रम :** कानुनले रोजगारीका लागि तोकेको न्यूनतम उमेरभन्दा साना बालबालिका तथा कानुनले तोकेको उमेर पूरा गरेर पनि (१८ वर्षभन्दा कम उमेर रहेको अवस्थामा) दास सरह, जोखिमपूर्ण तथा शोषणयुक्त अवस्थामा गर्ने घरेलु काम । यो अनुमतियोग्य नहुने भएकाले अन्तर्राष्ट्रिय कानुन अनुसार उन्मूलन गरिनुपर्छ ।

**घरेलु बाल श्रम :** बालबालिकाले तेस्रो पक्ष वा रोजगारदाताका घरमा गर्ने घरेलु काम । यस सामान्य अवधारणामा अनुमतियोग्य तथा अनुमतियोग्य नभएका दुबै किसिमका अवस्था पर्दछन् ।

**घरेलु श्रमिक सङ्गठन :** आफ्ना अधिकार, धारणा तथा चासो मुखरित गर्न घरेलु श्रमिकले स्थापना गरेका सदस्यतामा आधारित सङ्गठन

**जोखिमपूर्ण/हानिकारक कार्य :** कामको प्रकृति तथा यो सम्पादन गरिने अवस्थाका कारण बालबालिकाको शारीरिक, मानसिक तथा नैतिक सुस्वास्थ्यलाई खतरामा पार्ने कार्य

**निकृष्ट बाल श्रम :** अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि १८२ अनुसार, निकृष्ट बाल श्रममा निम्न कार्य पर्दछन् :

क. दासता एवं बालबालिकाको बेचबिखन तथा ओसारपसार, ऋण बन्धन तथा कम्लरीजस्ता प्रथा, सशस्त्र द्वन्द्वका समयमा बाध्यकारी तथा अनिवार्य सैन्य भर्ती लगायत जबर्जस्ती तथा अनिवार्य श्रम लगायत दासता सरहका अभ्यास

ख. वेश्यावृत्ति, अश्लील सामग्रीको निर्माण तथा अश्लील प्रस्तुतिका लागि बालबालिकाको प्रयोग, खरिद तथा बिक्री

ग. विशेषतः सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिहरूमा परिभाषित गरिए अनुसार लागू पदार्थको निर्माण तथा ओसारपसार लगायतका गैरकानुनी क्रियाकलापका लागि बालबालिकाको प्रयोग, खरिद तथा बिक्री

घ. कामको प्रकृति तथा यो सम्पादन गरिने अवस्थाका कारण बालबालिकाको स्वास्थ्य, सुरक्षा तथा नैतिकतामा हानि पुऱ्याउने कार्य (जोखिमपूर्ण/हानिकारक कार्य)

**पैरवी/वकालत :** घरेलु श्रममा संलग्न बालबालिका तथा युवाको अवस्थामा सुधार ल्याउने उद्देश्यले उनीहरूबारे निर्णयकर्ता तथा आम जनताबीच चेतना जगाउन गरिने क्रियाकलाप

**पैरवीकर्ता :** पैरवीका क्रियाकलापमा संलग्न व्यक्ति

**बँधुवा/बन्धक श्रम :** ऋणको भुक्तानीका लागि कुनै व्यक्तिको श्रम माग गरिएको अवस्था । यस्तो अवस्थामा त्यस्तो व्यक्तिलाई अत्यन्त न्यून वा शून्य पारिश्रमिकमा, प्रायः बिदै

*Nepali translation from :*
IDWF-ILO (2017) A word about words – meaning of terms and initials, in Tackling Child Labour in Domestic Work: a Handbook for action for domestic workers and their organizations, page 12-14. Available in https://goo.gl/3Zaicr

नदिईकन, काम गर्न लगाइन्छ । सुरुमा लिइएको ऋणको तुलनामा गरिएको कामको मूल्य अतुलनीय रूपमा बढी हुने पर्दछ ।

**बालबालिका :** संयुक्त राष्ट्र सङ्घीय बाल अधिकार महासन्धि तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठनका सम्बन्धित महासन्धि अनुसार नै हुने गरी १८ वर्षको उमेरमुनिका मानिस

**बेचबिखन :** "शोषण गर्ने उद्देश्यले धम्की वा शक्ति वा अरू कुनै प्रकारको बल प्रयोग गरी, कब्जा गरी जालसाजी गरी, छलछाम गरी, पदको वा जोखिमपूर्ण अवस्थाको दुरुपयोग गरी वा अर्को व्यक्तिमाथि नियन्त्रण राख्ने कुनै व्यक्तिको स्वीकृति प्राप्त गर्न रकम वा लाभ लेनदेन गरी व्यक्तिहरूलाई भर्ती गर्ने, ओसारपसार गर्ने, स्थानान्तरण गर्ने, आश्रय दिने वा प्राप्त गर्नेजस्ता कार्यहरू" (अन्तर्देशीय सङ्गठित अपराध विरुद्ध संयुक्त राष्ट्र सङ्घीय महासन्धि २०००को परिपुरक रहेको विशेषतः महिला र बालबालिकाको लगायत मानव बेचबिखन रोकथाम, नियन्त्रण तथा सजाय सम्बन्धी संयुक्त राष्ट्र सङ्घको इच्छाधीन आलेख) । बेखबिखन एउटा त्यस्तो अपराध हो जस मार्फत् पीडितहरू श्रम, यौन शोषण तथा अन्य आपराधिक प्रयोजनका लागि वस्तु जसरी किनिन्छन्, बेचिन्छन्, ओसारपसार गरिन्छन् वा पुनः बेचिन्छन् ।

**रोजगारदाता :** आफ्ना परिवार तथा घरको हेरचाहका लागि नगद वा अन्य भुक्तानी गर्ने गरी घरेलु श्रमिकलाई रोजगारी दिने व्यक्ति

**श्रमिक सङ्गठन :** आफ्ना अधिकार, धारणा तथा चासो मुखरित गर्न श्रमिकले स्थापना गरेका सदस्यतामा आधारित सङ्गठन

**संयुक्त राष्ट्र सङ्घ/राष्ट्र सङ्घ :** संसारका करिब सबै राष्ट्र सदस्य रहेको अन्तर्सरकारी संस्था । अन्तर्राष्ट्रिय श्रम सङ्गठन पनि राष्ट्र सङ्घकै एक निकाय हो ।

**संयुक्त राष्ट्र सङ्घीय बाल अधिकार महासन्धि :** नागरिक, सांस्कृतिक, आर्थिक, राजनीतिक तथा सामाजिक लगायत बालबालिकाका सम्पूर्ण मानव अधिकारलाई समावेश गरिएको पहिलो कानुनतः बाध्यकारी अन्तर्राष्ट्रिय दस्तावेज । सन् १९८९ नोभेम्बर २०मा राष्ट्र सङ्घले जारी गरेको यो महासन्धिलाई एसिया प्रशान्त क्षेत्रका लगायत करिब सबै सदस्य राष्ट्रले अनुमोदन गरेका छन् ।

*Nepali translation from :*
IDWF-ILO (2017) A word about words – meaning of terms and initials, in Tackling Child Labour in Domestic Work: a Handbook for action for domestic workers and their organizations, page 12-14. Available in https://goo.gl/3Zaicr